अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा आ.व २०७९/८० को छैटौं बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिबाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पण्डित | प्रशासन शाखा प्रमुख | |
| २ | रुचि राम पौडेल | योजना शाखा प्रमुख | |
| ३ | सुजन मिश्रा | सूचना प्रविधि अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७९/०७/१७ गते बसेको आ.व २०७९/८० को छैटौं बैठकका निर्णयहरु :

### निर्णय नं १

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०६/१३ गते बसेको आ.व २०७९/८० को पाँचौ बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ५ वटा निर्णयहरु भएकोमा ४ वटा निर्णयहरु कार्यान्वयन भएको र १ वटा निर्णय कार्यान्वयनको क्रममा रहेको पाईयो ।

### निर्णय नं. २

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ अन्तर्गत मतदाता शिक्षा कार्यक्रम निर्देशिकाको दफा ११ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा मतदाता शिक्षा समन्वय समिति(स्थानीय तह स्तर) र दफा १२ बमोजिम वडा सचिवको संयोजकत्वमा मतदाता शिक्षा समिति (वडा स्तर) गठन गर्ने साथै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय, मर्यादित, मितव्ययी र भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचनका विषयमा आममतदाताहरुलाई सुसूचित गर्न मतदाता शिक्षा कार्यक्रम निर्देशिकाको दफा १३ बमोजिम मतदाता शिक्षा समुदायस्तर/घरदैलो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (समुदायस्तर/घरदैला ) कार्ययोजना, २०७९ अन्तर्गत मतदाता शिक्षा कार्यक्रम, २०७९ को बुंदा नं २.६ अनुसार मतदाता शिक्षा स्वयंसेवकलाई कार्यक्रम सञ्चालन अवधिभर भ्रमण खर्च स्वरुप ११ वटा वडामा खटिने ११ जना मतदाता शिक्षा स्वयमसेवकहरुलाई प्रति स्वयमसेवक रु १०,०००।(अक्षरेपी दश हजार मात्र) का दरले उपलब्ध गराउनको लागि आवश्यक रकम रु १,१०,०००। (अक्षरेपी एक लाख दश हजार मात्र) र मसलन्द सामाग्रीहरुको लागि प्रति मतदाता शिक्षा स्वयमसेवक रु १,०००।(अक्षरेपी एक हजार मात्र) का दरले रु ११,०००। (अक्षरेपी एघार हजार) गरि जम्मा रु १,२१,०००।(अक्षरेपी एक लाख एक्काइस हजार मात्र) विविध चालु शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

### निर्णय नं. ४

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको च.नं १७६ मिति २०७९/०७/०३ गतेको पत्र अनुसार यस कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण अध्ययन ( O&M) गर्न र सोको प्रतिवेदन तयार गर्नको लागि यस कार्यालयको अनुरोध बमोजिम स्रोत व्यक्तिहरु खटीई आउनु भएको हुँदा सो कार्यको लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

निर्णय नं. ५

हरिबोधनी एकादशी (तुलसी बिबाह) को दिन यस नगरपालिका भित्र मर्स्याङ्‌दी नदी किनारमा रहेका शिवालय मन्दिर तथा अन्य मन्दिर परिसरमा एकादशी मेला र तुलसी बिबाह कार्यक्रमहरुको आयोजना गरिने हुँदा स्थानीय मेला प्रवर्द्धन तथा संरक्षणको लागि मिति २०७९/०७/१८ गते शुक्रबार नगरपालिका कार्यालय, वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा मातहतका संघ संस्थाहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

निर्णय नं. ६

नेपाल कपास होम सर्भिस, सुन्दरबजारको मिति २०७९/०७/१४ गतेको निवेदन अनुसार यस नगरपालिका वडा नं १ मा उद्योग दर्ता गरी वडाभरी पुरानो कपडा प्रशोधन गरी सिरक डसना बनाउने कार्य गर्दै आईरहेको र यस नगरपालिका अन्तर्गत सम्पुर्ण वडाहरुमा घुम्ती सेवा संचालन गर्नको लागि अनुमती माग भई आएको हुँदा प्रति वडा रु १०००।(अक्षरेपी एक हजार मात्र) राजश्व तिर्ने गरी आ.व २०७९/८० सम्मको लागि सेवा संचालन अनुमती प्रदान गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख